नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
आश्विन/कार्तिक २०७५ (October 2018) वर्ष २२/अङ्क २५५

## कठिन समय नै चम्कने समय

- पाष्टर बर्णबास श्रेष्ठ

आज नेपालमा धर्मान्तरण धेरै ठूलो बहसको विषय बनेको छ। यो विषय, नेपालको संविधानमा दण्डित गर्ने गरी पास भएको छ र हालसालैदेखि लागु हुने गरी कानून पनि बनेर आएको छ। धेरै इसाईहरूको लागि यो चुनौती बनेको छ भने कतिको लागि अन्यौलको विषय बनेको छ।

यदि कोही व्यक्तिले लोभको कारणले वा केही आर्थिकी लाभको कारण इसाई धर्म अपनाएका छन् वा त्यतिकैमा, कसैको लहैलहैमा लागेर अर्को धर्म अपनाएका छन् भने त्यो अवश्य पनि गलत हो। कसैले कसैलाई धर्म परिवर्तन गर्न कर वा जबरजस्ती गर्छ भने त्यो पनि गलत हो र त्यस्ता जबरजस्त गर्नेहरूलाई कार्यवाही पनि हुनुपर्छ। तर कसैले परमेश्वरको वचन सुनेर अर्थात् सुसमाचार सुनेर परमेश्वरलाई विश्वास गर्छन् भने त्यो आस्थाको विषय हो। आस्थाको विषयलाई लिएर व्यक्तिलाई दण्डित गरेर, निषेधित गरेर रोक्न सकिँदैन कारण यो भित्रबाट आउँछ। यदि दण्डित गरेर रोक्न सकिने भए आजका दिनमा येशूमा विश्वास गर्नेहरू एक जना पनि बाँकी रहने थिएनन् कारण इतिहासले बताउँछ विभिन्न कालखण्डमा विश्वको धेरै देशमा धेरै ठूलाठूला सतावटहरू आए, इसाईहरूलाई निमिट्यान्न पार्ने प्रयासहरू भए, तर त्यही ठाउँहरूमा इसाईहरूको संख्या बढेर गयो र विश्वास गर्नेहरूको विश्वास अझ बलियो भएर गयो। इसाईहरूको इतिहास हेर्ने हो भने पनि थाहा हुन्छ। यस्ता प्रयास आहाब राजाको समयमा ईजेबेल रानीले गरेको सतावटको घटनादेखि अहिलेसम्म दिनहुँ कहीँ न कहीँ ठूला साना सतावट त भइरहेकै छ तर पनि खीष्ट येशूलाई विश्वास गर्ने विश्वासीको संख्या घटेर गएको छैन बरू दिनानु दिन बढ्दै गएको छ र खीष्ट विश्वासीहरूलाई झनै बलियो बनाएको छ। तर जुन जुन देशमा धार्मिक स्वतन्त्रता छ त्यही देशहरूमा मानिसहरूले खीष्टसँगको सम्बन्धका कुरालाई धर्मको रूपमा मात्र लिएको कारण खीष्टलाई विश्वास गर्ने कुरालाई हल्का रूपमा लिइन्छ र खीष्ट विश्वासीको संख्या घटेर गइरहेको छ। जसरी सुनलाई निखार्दा सुन आगोबाट भएर जान आवश्यक छ त्यसरीनै असल खीष्ट विश्वासी चिनिनको लागि हामीलाई पनि यस्तै किसिमका समय भएर जानपर्ने हुन्छ। सजिलो समयमा सबैले पछ्याउँछन् तर गाह्रो समयमा पनि स्थिर रहनेहरू इनामको भागीदार हुनेछन्। "सबैले तिमीहरूलाई मेरो नाउँको कारण घृणा गर्नेछन् तर अन्तसम्म स्थिर रहनेले उद्धार पाउने छ।" यसैले खीष्टलाई विश्वास गर्नेहरूको विरोध हुने कुरा नयाँ र अनौठो होइन कारण वचनमा लेखिएकै छ (यूहन्ना १५:१८, १९) "यदि यस संसारले तिमीहरूलाई हेला गर्दछ भने तिमीहरू यो जान कि तिनीहरूले पहिले मलाई हेला गरेका हुन्। तिमीहरू यस संसारको हुँदा हौ त यस संसारले आफ्नाहरूलाई माया गर्ने थियो तर मैले तिमीहरूलाई यस संसारबाट छानेको छु र यस संसारले तिमीहरूलाई घृणा गर्नेछ।" यो पनि सत्य हो कि जसले हामीलाई विश्वास गरेकै कारणले मात्र हेला वा निन्दा गर्दछन् भने त्यो हाम्रो वा हामीलाई निन्दा वा हेला गरेको होइन तर हाम्रा प्रभु येशूलाई गरिएको हो। त्यसैले हामी ती मानिसहरू प्रति रिसाउनु वा नकारात्मक प्रतिक्रिया जनाउनु आवश्यक छैन। येशू प्रभुले उहाँको खेदो गर्नेहरूलाई कहिल्यै सराप्नु भएन। रोमी १२ : १४ ले भन्दछ "तिमीहरूलाई सताउनेहरूलाई आशिष् देओ नसराप।"

हो समय र परिस्थिति बदलिँदो छ। असहज परिस्थितिहरू अगाडि छन्। त्यसो भन्दैमा सत्यलाई पछ्याउन नै छोड्न सकिन्छ त ? कदापि त्यसो गर्न सकिँदैन। यस्तो परिस्थितिमा हामीहरूले अझ बढी खीष्टमा भक्तिको जीवन जिउन आवश्यक छ। कष्ट आउँला तर त्यो त बाइबलमा लेखिएको कुरा पूरा हुनको लागि हो। किनकि लेखिएको छ (१ तिमोथी ३:१२) "खीष्ट येशूमा भक्तिको जीवन जिउन इच्छा गर्नेहरू खेदोमा पर्ने नै छन्।" यसैले यो नयाँ कुरा होइन। बाइबलमा लेखिएको कुरा हाम्रो जीवनमा पूरा हुँदै छ भनेता यसमा खुशी नै हुनुपर्छ। मत्ती ५:१० ले भन्दछ, "धन्य धार्मिकताका लागि सताइनेहरू, स्वर्गको राज्य तिनीहरूको नै हो।" बाइबलमा यो पनि लेखिएको छ, "कसले हामीलाई खीष्टको प्रेमबाट अलग गर्न सक्छ ? सतावटले, खेदोले, अनिकालले ..........केही कुराले हामीलाई अलग गर्न सक्दैन।" (रोमी ८:३५)। सूर्यको प्रकाशलाई हातले छेक्न सकिँदैन।

अर्को हामी सबैले बुझ्नै पर्ने कुरा धर्मको परिवर्तन गर्ने तर जीवनको परिवर्तन नभएकाहरूसँग हामी मण्डली धेरै सतर्क हुनुपर्छ कारण त्यस्तै व्यक्तिहरूको कारण मण्डलीले धेरै क्षति बेहोर्नुपर्छ। तर धर्मको परिवर्तन भन्दा पनि जीवनको परिवर्तन

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| आश्विन २७ October 13 | पाष्टर रोबर्ट कार्थक पाष्टर सामुएल कार्थक | डीकनेस् रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर गोपाल शर्मा | एल्डर रूबेन श्रेष्ठ | श्री श्रीराम सुर्खेती | डीकन पुरुषोत्तम न्यौपाने |
| कार्तिक ३ October 20 | श्री बिष्णु देउला | डीकन सिद्धि खालिङ | डीकन बाग मान तामाङ्ग | एल्डर घन श्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर नभराज के.सी. | पाष्टर दफ्तन सादा |
| कार्तिक १० October 27 | एल्डर दिनेश न्यौपाने | एल्डर पूर्ण सुनुवार | एल्डर सामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक | एल्डर सिमोन पाठक | संयुक्त सेवा ललितपुर चर्च | |
| कार्तिक १७ November 3 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | | पाष्टर बि.बि. खवास | डीकन सिमोन भण्डारी | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

थाहा पाएका वा प्रभुमा मुक्ति, शान्ति, आनन्द, प्रेम अनुभव गरेका, उहाँलाई व्यक्तिगत रूपले चिनेकाहरूलाई कुनै पनि व्यवस्था वा कानून बने पनि केही फरक पर्दैन कारण उनीहरू सबै अवस्थामा परमेश्वरलाई पछ्याउँछन्, अधर्म गरेर, अपराध गरेर जेल पर्नु अवश्य नराम्रो कुरा हो, तर म खराबीको बाटो छोड्छु , झैं-झगडा गर्दिन, नशालु पदार्थ या जाँड रक्सी पिएर बेइज्जती गर्दै हिँड्दिन, सहयोगी, दयालु र प्रेमिलो व्यक्ति हुन्छु , परिश्रमी भएर कमाउँछु र सहयोगी बन्छु, छिमेकीलाई प्रेम गर्छु, असल पति वा पत्नी, असल छोरा वा छोरी, असल बुवा वा आमा भएर जिउन चाहन्छु, सरकारको लागि प्रार्थना गर्छु, राज्यलाई कर तिर्ने इमान्दार नागरिक बन्छु र अरूलाई पनि त्यही बाटो सिकाउँछु भन्दा अवहेलित हुनुपर्छ या त जेल सजाय भोग्नुपर्छ भने यसमा लाज मान्नु पर्ने या शिर निहुराउन आवश्यक छैन, बरू यसमा गर्व गर्न सकिन्छ कारण हामी पनि खीष्टको कष्टमा सहभागी हुने अवसर उहाँले हामीलाई दिनुभएको छ । यसैले यो कानून् र त्यो कानूनले परमेश्वरको वचनअनुसार जिउने खीष्टियनहरूको लागि केही फरक पार्दैन । अब समय आएको छ, हामी समाजमा सकारात्मक प्रभाव पार्ने असल खीष्टियन भएर जिउने, हाम्रो बोली वचन, व्यवहार, आचरण र व्यक्तित्वमा खीष्टलाई झल्काउने गरी जिउने अब समय आएको छ । कसैले भनेका छन्, "जति अँध्यारो बढ्दै जान्छ , त्यतिनै धेरै बत्तीको आवश्यकता पर्छ र घोर अन्धकारमा सानो भन्दा सानो बत्ती पनि अझ धेरै चहकिलो हुन्छ" यो समयमा हामीबाट खीष्टको ज्योति चम्कियोस् ।

## विशेष प्रार्थना

१. आश्विन/कार्तिक (अक्टोबर/नोभेम्बर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सम्मेलनमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।

२. सम्मेलनको समयमा मण्डलीबाट वचनको सेवकाइको लागि साथै पारिवारिक भेटघाटको लागि जानुहुनेहरूको यात्रा र सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

३. अधुरो परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायताको लागि प्रार्थना गरिदिऔं ।

४. अन्धकारको शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार, बाल विवाह आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

५. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको निम्ति प्रार्थना गरिदिऔं ।

६. रेडियो, टेलिभिजन साथै विभिनन माध्यमहरूद्वारा प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जान जकून् साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू अनुग्रहको समय छँदै परमेश्वरको राज्यमा आउन सकून भनी प्रार्थना गरिदिऔं ।

७. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

८. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशू प्रभुमा पाइने सित्तैको मुक्तिको सुसन्देशको निम्ति असल साक्षी र गवाही बन्न सकून् भनी प्रार्थना गरिदिऔं ।

९. नेइमअन्तर्गतका छोरी मण्डलीहरू, शाखा आवद्ध मण्डलीहरू, सानो ठूला संगति झुण्डहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको लागि प्रार्थना गरिदिऔं साथै यी मण्डली तथा संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

१०. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

११. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै खीष्ट येशू प्रभुलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

१२. नेइमअन्तर्गतका मण्डलीहरूको निम्ति जग्गा किन्न र मण्डली भवन बनाउनका लागि समयमा नै रूपैया पैसा जुट्न सकून् भनी प्रार्थना गरौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | गोदावरी | जोरपाटी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|
| **आश्विन २७** October 13 | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर गोपी राई | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | डीकनेस् मन माया राई |
| **कार्तिक ३** October 20 | श्री भुवन देवकोटा | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | पाष्टर बेन फोली | एल्डर छोदेन कार्थक | पाष्टर बर्णबास श्रेष्ठ |
| **कार्तिक १०** October 27 | संयुक्त सेवा ललितपुर चर्च | एल्डर गोपी राई | डीकन लाक्पा लामा | डीकन सुनिल मुनिकार | पाष्टर प्रेम श्रेष्ठ | डीकन पेशल राई | एल्डर पिटर लिम्बू | एल्डर बेन्जामिन तामाङ्ग | डीकनेस् बिनीता राई |
| **कार्तिक १७** November 3 | एल्डर जनक श्रेष्ठ | श्री एलेन कक्स | डीकन राज गुरूङ्ग | श्री फिलिप र: | एल्डर दानियल सापकोटा | डीकन मोहन श्रेष्ठ | एल्डर छोदेन कार्थक<br>पाष्टर कर्ण तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा धापासी चर्च |

## हार्दिक बधाई



असोज ३ गते/सेप्टेम्बर १९ तारिख आइतबार नेइम गोदावरी चर्चका सदस्य श्री **मिलन तामाङ्ग** र लालगढ एक्लेशिया चर्चकी सदस्य सुश्री **सोफिया तामाङ्ग**को लालगढ एक्लेशिया चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **मिलन** र **सोफिया तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

### विशेष् अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष् अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदीबहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

४. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुहुन साथै खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर सफासँग बुझ्ने अक्षरमा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेटी जस्तैः निर्माण, सुसमाचार, सहायता, छात्रवृत्ति, प्रतिष्ठान, धापासी कोषमा भेटी दिन चाहनुभएमा सो कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

## अक्टोबर महिनाको कार्यक्रम

- कार्तिक १ गते/अक्टोबर १८ तारिख बिहीबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।
- कार्तिक २१ गते/नोभेम्बर ७ तारिख बुधबार बिहान ११:०० बजेदेखि कार्तिक २३ गते/नोभेम्बर ९ तारिख शुक्रबारसम्म **नेइम अन्तर्गतका सम्पूर्ण मण्डलीका जवानहरूको वृहत युवा सम्मेलन** नेइम ज्ञानेश्वर मण्डलीमा ।

## जानकारी



नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री अर्पण तामाङ्ग ३४ वर्षको उमेरमा भाद्र २४ गते/सेप्टेम्बर ९ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री अल्केश थापा २८ वर्षको उमेरमा भाद्र २४ गते/सेप्टेम्बर ९ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



नेइम जोरपाटी मण्डलीकी सदस्या श्रीमती हन्ना लामा ७७ वर्षको उमेरमा आश्विन ८ गते/सेप्टेम्बर २४ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।

भाद्र २३ गते/सेप्टेम्बर ८ तारिख शनिबार २ जना र भाद्र ३० गते/सेप्टेम्बर १५ तारिख शनिबार ६ जना गरी ८ जना सदस्यहरूको समर्पण नेइम गोंगबूँ मण्डलीमा भयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २१ 7<br>यो महिनाभरि हुने सेवा संगति, सभाहरूमा वचन प्रचार र आराधनामा अगुवाइ गर्नुहुनेहरूको लागि साथै सेवा संगतिहरूको लागि प्रार्थना गरिदिऔं।<br>१ कोरिन्थी २:१०-१३ | २८ 14<br>देशको वर्तमान परिस्थितिको लागि प्रार्थना गरौं ।<br>१ तिमोथी २:१-४ | ४ 21<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ | ११ 28<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीको हेरचाह गर्न सकून् ।<br>जकरिया ४:६, प्रेरित २०:२८ |
| **सोमबार** Monday | २२ 8<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२, कलस्सी ३:१० | २९ 15<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११, हिब्रू ५:११-१४ | ५ 22<br>नेपाली इसाई मण्डलीमा दिइराख्नु -भएको मण्डली साथै संगतिहरू प्रभुमा बढ्दै, फैलँदै र बलियो हुँदै जान सकून् ।<br>यशैया ५४:२-४ | १२ 29<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश, अन्य भेटी साथै प्रभुको कामको लागि दिनेहरू हुन सकौं ।<br>२ कोरिन्थी ९:६-७,११ |
| **मंगलबार** Tuesday | २३ 9<br>अधुरो घरानामा हुनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>हिब्रू १२:१-३ | ३० 16<br>विभिन्न देशहरूमा पढाइ, रोजगार साथै अन्य काम विशेषले जानुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२१:१-८ | ६ 23<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १३ 30<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् ।<br>गन्ती ६:२४-२६, रोमी १६:१-४ |
| **बुधबार** Wednesday | २४ 10<br>सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ३१ 17<br>वचनप्रतिको भोक तिर्खा हामी सबैमा अझ बढेर गएको होस् ।<br>भजनसंग्रह ११९:१४-१६, मत्ती ५:६ | ७ 24<br>नेपाल देशमा रहेका साना, ठूला, सम्पूर्ण मण्डलीहरू खीष्टको असल साक्षीको जीवन र प्रभुलाई महिमा दिने जीवन जिउन सकून् ।<br>१ थेसलोनिकी १:२-७ | १४ 31<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस् ।<br>२ कोरिन्थी २:१४-१६ |
| **बिहीबार** Thursday | २५ 11<br>मण्डलीका सबै जवान साथै बाल बालिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९ | १ कार्तिक 18<br>देशको प्रतिकुल परिस्थितिमा स्थिर रही परमेश्वरको वचनअनुसार विश्वासमा अनुकुल परिस्थितिको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-१३ | ८ 25<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४, एफिसी ५:२० | १५ Novεber 1<br>नेपाली इसाई मण्डलीका शाखा, छोरी मण्डलीहरू साथै संगतिहरूमा मण्डलीको हेरचाह गर्न सेवक सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३६-३८ |
| **शुक्रबार** Friday | २६ 12<br>वचनअनुसारको जीवन जिउनको लागि पवित्र आत्माको सहायताको लागि प्रार्थना गरौं ।<br>याकूब १:१८-२२ | २ 19<br>देशभरका मण्डलीहरूमा हुने सेवा संगतिहरूको लागि प्रार्थना गरौं ।<br>हिब्रू १०:२३-२५ | ९ 26<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं<br>हितोपदेश २२:६, १ कोरिन्थी १५:५८ | १६ 2<br>आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>प्रकाश १:३ |
| **शनिबार** Saturday | २७ 13<br>आजको आराधना सेवाबाट परमेश्वरलाई नै महिमा भएको होस् । यसैले वचन प्रचार, स्तुति प्रशंसामा पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी ३:४-६ | ३ 20<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | १० 27<br>आजको आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई गर्ने सबै जनाको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | १७ 3<br>आज नेपालभरि हुने सेवा संगतिमा पवित्र आत्माको उपस्थिति हरेकले थाहा गर्न सकून् र उहाँको नाउँ महिमित भएको होस् ।<br>हितोपदेश ८:३४-३५ |

**जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दै रहो ।**
**आफ्नो आशामा आनन्द गर, संकष्टमा धैर्य धारण गर,**
**प्राथनामा निरन्तर लागिरहो ।**

**रोमी १२:११-१२**